







प्रकाशन वर्ष: २०८२ पौष ।

**दलित सेवा संघ, केन्द्रीय कार्यालय**

काठमाडौँ महानगरपालिका, वडा नं. १४, खड्कागाउँ,
कलंकी, काठमाडौँ, नेपाल । सम्पर्क नम्बर : ०१-५१३००१३
इमेलः dwo@dwo.org.np; Infodwo@dwo.org.np,
वेवसाइटः www.dwo.org.np

# विभेदमा पारिएका समुदायको जीविकोपार्जन सुधार कार्यक्रम (LISEC Phase 2)

# सीमान्तकृत समुदायका सफलताका कथाहरू





प्रकाशक:
**दलित सेवा संघ (DWO)**

The Development Fund
Fighting hunger and poverty

यो प्रकाशन विकास कोष नर्वेको आर्थिक सहयोगमा दलित सेवा संघद्वारा सञ्चालित विभेदमा पारिएका समुदायको जीविकोपार्जन सुधार परियोजना (Livelihood Improvement of Socially Excluded Community (LISEC Phase 2) परियोजनाबाट प्राप्त केही सफलताका घटनाहरुको संगालो हो ।

यसमा समेटिएका सफलताका घटनाहरू केही प्रतिनिधिमुलक उदाहरणहरू मात्र हुन् ।

**प्रकाशकः**

**दलित सेवा संघ (DWO),** केन्द्रीय कार्यालय काठमाडौं

**सम्पादकः** टंक विश्वकर्मा

**सम्पादन सहयोगीः** प्रकाश धौलाकोटी

**परियोजना क्षेत्रबाट घटना संकलकः** छविलाल परियार, खिमलाल बि.क., यामकुमारी बि.क., नेत्रलाल सुनार, जानकी चौधरी र सुरक्षा आचार्य ।

**मुद्रकः** अन्नपूर्ण अफसेट प्रेस, काठमाण्डौ

**सर्वाधिकारः** दलित सेवा संघमा निहित हुनेछ ।

**सहयोगः** विकास कोष (DF), नर्वे

**प्रकाशन मितिः** २०८२ पौष ।

**धन्यवाद व्यक्तः** यो प्रकाशनमा परियोजना क्षेत्रका केही लाभान्वित समुदायले प्राप्त गरेका सफलता समेट्ने प्रयास गरिएको छ । यस्ता थुप्रै सफलताहरू परियोजना क्षेत्रमा प्राप्त गर्न सकिन्छ । यसमा समेटिएका सफलताहरू केवल प्रतिनिधिमुलक मात्र हुन् । यो प्रकाशन तयार पार्न लाग्नुहुने DWO का कार्यसमिति र कर्मचारीहरू, शुभ चिन्तकहरू, लाभान्वित समुदायहरू, प्रेस लगायत आर्थिक सहयोग साझेदार विकास कोष (DF) नर्वेलाई प्रकाशक संस्थाको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

सन्जु सिंह विश्वकर्मा, राष्ट्रिय अध्यक्ष



स्थानीय सरकारका प्रतिनिधिहरूबाट परियोजनाको संयूक्त रूपमा स्थलगत अनुगमन गरिँदै



परियोजनाको स्थलगत अनुगमन गर्दै समाज कल्याण परिषद्



स्थानीय सरकारसँग अन्तर्राष्टिय महिला दिवस मनाउँदै



विकास कोष नर्वेको टिमलाई स्वागत गर्दै ।



जलवायू अनुकुलित गाउँ सिकाई आदान प्रदान गोष्ठीका सहभागीहरु



महिला हिंसा विरुद्दको १६ दिने अभियान मनाउँद



सिमान्तकृत समुदायलाई दिने सेवा सुविधा सम्बन्धमा स्थानीय सरकार र स्थानीय समुदाय बीच अन्तरकृया



परियोजनाको सामाजिक लेखापरिक्षण कार्यक्रम



जातीय तथा लैंगिक समानतामा असल कार्य गरे स्वरूप DWO दाङ बवईगाउँपालिकाबाट सम्मानित भएको ।

दाङ

# कृषकहरूको उत्प्रेरणाको स्रोत बनिन् झारगजेरीकी एक सफल कृषक कालिमैया चौधरी

आफ्नो एक मुठी माटो छैन, न लेखपढ, न कुनै रोजगारी । दाङको बबई गाउँपालिका-७ झारगजेरीकी ५२ वर्षीया कालीमैया चौधरी झारगजेरीमा रहेको ऐलानी बस्तीमा बस्छिन् । गरिबी व्याप्त चौधरी बस्तीका अधिकांश मानिसहरू कमैया/कमलरी थिए । पुरुषहरू केही समय भारत जान्थे । काम हुँदा गाउँमै मजदुरी गर्थे । महिलाले साहु महाजनको घरमा काम गर्थे । गाउँमा मदिरा सेवनको समस्या व्याप्त थियो । झै-झगडा भइरहन्थ्यो । बालबालिकाहरू विद्यालय होइन, काममा जान्थे । पढेर होइन, काम गरेर पैसा कमाइन्छ भन्ने सोचले काम गरेको थियो । त्यही कारण स्कुल जाने उमेरका केटाकेटी जमीनदारको घरमा कमलरी/कमैया बस्न जान्थे । कालीमैयाको घरबाट पनि चार जना कमैया थिए तर जब सरकारले कमैया मुक्तिको घोषणा गऱ्यो, उक्त गाउँमा एक प्रकारको सन्नाटा छायो । केही समय त उनीहरू काम विहीन भए । पछि कोही पुरानै शाहुको अधिया कमाएर खान थाले, कोही मजदुरी गर्न भारत गए । यस बाहेक गाउँमा जीविकोपार्जनको अर्को विकल्प थिएन । २०७४ सालमा गाउँमा दलित सेवा सङ्घ आइपुग्यो- जीविकोपार्जन सुधार परियोजना लिएर । विकास कोष नर्वेको आर्थिक सहयोगमा सञ्चालित उक्त परियोजनाले चौधरी बस्तीमा चेतनाको बिगुल मात्रै फुकेन, बस्तीमा सामाजिक



र आर्थिक रूपमा ठूलो रूपान्तरण गरिदिएको छ । परियोजना अन्तर्गत गाउँमा जुनतारा अर्धव्यवसायिक तरकारी खेती समूह गठन भयो । कालीमैया नै समूहको अध्यक्ष हुन् । संस्थाले उक्त लाईसेक परियोजनाबाट तरकारी खेती मात्रै सिकाएन, उनीहरूको आर्थिक र सामाजिक अवस्था सुधारको ढोका पनि खोलिदियो । उनीहरूको कृषि पेशालाई व्यवसायीकरण गर्न DWOले मल, बिउँविजन, भिटामिन, विभिन्न कृषि औजार र उपकरणहरू, टनेल र सिंचाईसँग सम्बन्धीत् सहयोग उपलब्ध गरायो । खेती गर्ने तालिम पाए । बजार खोज्न सिके । नेतृत्व विकास र समाज सुधारका विषय सिके । लैंगिक समानता र सामाजिक समावेशीकरण जस्तो विषयमा पनि समूहमा तालिम र गोष्ठी भए । योजना निर्माण र कार्यान्वयनबारे उनीहरूले पनि सिक्ने मौका पाए । त्यही कारण चौधरी बस्तीमा अहिले सामाजिक र आर्थिक बदलाव भएको छ । समूहकी अध्यक्ष कालीमैया भन्छिन्, ' थोरै भएपनि बचत गर्ने बानी बस्यो । यहीबाट हामीले सामाजिक र आर्थिक विषयहरूमा सिक्ने मौका पायौँ । हामी मुक्त कमैया/कमलरी र सीमान्तकृत समुदाय भएकाले पाउनु पर्ने हक र अधिकारबारे थाहा पायौँ । हामीलाई त समूहमा बसेर धेरै फाइदा भएको छ ।'

गाउँमा पहिले बिरामी हुने बित्तिकै बोक्सी र धामी झाँक्रीको घरमा जाने चलन व्याप्त थियो तर अहिले बिरामी लिएर स्वास्थ्य संस्था जाने चेतनाको विकास भएको छ । बेमौसमी तरकारी खेती गरेर चौधरी परिवारले घरको गुजारा चलाइरहेका छन् । 'धेरै खेती गर्नेले राम्रो कमाइ गरेका छन् ।' अध्यक्ष कालीमैयाले भनिन् । कालिमैया आफैले पनि वार्षिक करिब सात लाख बराबर तरकारी खेतीबाट मात्र आम्दानी गर्ने गरेको बताउँछिन् ।

कालीमैयाले तरकारी खेती गरेर छोराछोरी हुर्काइन् । अहिले जेठा छोरा एम.ए. पढ्दैछन्, माइलो छोरा सवारी चालक छन् । साइलाले ग्रील पसल चलाएका छन् । कान्छो छोराले भने उनलाई तरकारी खेती गर्न सघाउँछन् । उनले कृषि बाली विज्ञान पढेका छन् । दलित सेवा सङ्घले सञ्चालन गरेको परियोजनाका कारण गाउँमा धेरै बदलाव भएको उनले बताइन् । कालीमैयाको नेतृत्वमा चलेको समूहबाटै बस्तीको जीवनशैलीमा परिवर्तन छाएपछि उनलाई गाउँमा अहिले कृषकहरूका लागि उदाहरणीय नेतृत्वका रूपमा चिन्ने गरिएको छ ।

# कृषि पेशाबाट आम्दानी गर्दै सम्पति जोड्दै सम्पति चौधरी

दाङको तुलसीपुर उपमहानगरपालिका-१३, गिधनियाकी सम्पती चौधरीले कक्षा ५ सम्म पढेकी छन् । २०४७ सालमा लमहीमा जन्मिएकी उनको माइतीघरको कमजोर आर्थिक अवस्थाका कारण पढ्दा-पढ्दै उनी जमीनदारको घरमा कमलहरी बन्न पुगिन् । कमैया मुक्तिको घोषणापछि उनले सिलाइ कटाई सिकिन् । उनको बिहे तुलसीपुर उपम.न.पा. १३ गिधनियामा भयो र बिहेपछि उनी गिधनिया आइपुगिन् । त्यहाँ उनलाई घुलमिल हुन समय लाग्यो । उनी घर र चुलोचौकामै सीमित रहिन् । यो क्षेत्रमा कृषिका लागि सिंचाईको अभाव छ । नजिकै तुई खोला छ । वर्षायाममा क्षेति पुग्ने गरी खोला आउँछ तर वर्षा सकिएपछि खोला पनि सुक्छ । यही समस्याले जमीन बाँझो नै रहन्छ । त्यहाँका समुदायसँग छलफल गर्दा सिंचाई नै मुख्य समस्या रहेको बताउँछन् ।

२०७५ साल तिर दलित सेवा सङ्घले त्यहाँका थारु महिलाहरूलाई संगठित गर्‍यो । मुक्त कमलहरी महिला समेटिएको समूहमा जानकी चौधरी अध्यक्ष थिइन् तर सुरुवातदेखि नै सम्पतीले समूहको अध्यक्ष सरह नै नेतृत्व गरेर समुहलाई अघि बढाइन् । 'समूहमा हामीले आफ्नो अधिकारका बारेमा थाहा पायौं । लैंगिक हिंसा,



समानता र नेतृत्व विकासका विषयमा थाहा पायौँ,' उनी भन्छिन्, 'समूहबाटै संस्थाले मल, विउँविजन, विभिन्न कृषि औजारका साथै लिफ्ट सिंचाई सहयोग गऱ्यो र हामीले आर्थिक उपार्जनका लागि विभिन्न कार्यक्रम सञ्चालन गऱ्यौं ।' यहाँ जलवायू अनुकुलित गाउँ अवधारणाको समेत अभ्यास गरिएको छ ।

समूहमा २० जना मुक्त कमलरी महिलाहरू जोडिएका छन् । मासिक २५ रूपैयाँ बचत गरेर सुरु गरेका उनीहरूले अहिले प्रति सदस्य मासिक १०० रूपैयाँ बचत गर्छन् । त्यही बचत रकमलाई सदस्यहरू माझ लगानी गरी घरमै स-साना आयआर्जनका गतिविधि गरिरहेका छन् । सम्पतीले भने समूहबाट पनि ऋण लिएर बेमौसमी तरकारी खेती गरिरहेकी छन् । 'मैले समूहबाटै तरकारी खेती कसरी गर्ने भनेर सिकेँ । अहिले त वार्षिक करिब एक लाख पचास हजार रूपैयाँसम्म कमाइ हुन्छ, तरकारी खेती राम्रो हुँदोरहेछ,' उनी भन्छिन् ।

समूहको नेतृत्व गर्दा गर्दै सम्पती अहिले टोलकै नेतृत्व गरिरहेकी छन् । उनको नेतृत्वमा महिलाहरूले आयआर्जन मात्रै गरेका छैनन्, गाउँमा विकासका योजना समेत सम्पन्न भएका छन् । उनी भन्छिन्, आफूसँग पैसा भएपछि आँट आउँदो रहेछ । पहिला आफ्नो समस्या भन्न सक्दिनथें तर आजभोली समुहमा आफ्ना कुरा राख्न सक्छु, वडा कार्यालय र अन्य बैठकहरूमा पनि आफ्नो कुरा भन्न सक्ने भएकी छु । मैले दलित सेवा सङ्घको सहयोगले खेतीपातीमा सुधार गर्ने अवसर पाएँ र अहिले आफै कमाउने भएकी छु । खेतीका लागि गाउँमा सिँचाइको समस्या थियो । अहिले यहाँ दलित सेवा सङ्घ र कृषि ज्ञान केन्द्रले संयुक्त रूपमा जलवायुमैत्री लिफ्ट सिँचाई आयोजना सञ्चालन गरेपछि सिँचाइको समस्या पनि टरेको छ । यहाँको करिब ३० बिघा जमीनलाई पुग्ने सिँचाइ सुविधा सिँचाइ आयोजनाबाट मिलेको छ । सिँचाइ सुविधा भएपछि किसानले धान, गहुँ, मसुरो, केराउ, चना लगायतका बाली लगाएका छन् । त्यस्तै, डिभिजन सिँचाइ कार्यालयले पनि यहाँ डिप-बोरिङ निर्माण गरी सञ्चालन गरिरहेको छ । त्यसले पनि किसानलाई सिँचाइको सुविधा भएको उनी बताउँछिन् । किसानको एकता भएमा र आफ्नो सामुहिक नेतृत्व गर्ने आँट भएमा गाउँमा धेरै काम गर्न सकिने उनको सिकाई छ । दलित सेवा सङ्घले हामीलाई असल बाटो देखाएको उनी बताउँछिन् ।


शिला भन्छिन, 'पैसा गन्दा सबै दुःख बिर्सिन्छु'

दाङको बबई गाउँपालिका-७, भ्जारगजेरी बस्ने शिला चौधरीको आर्थिक अवस्था निकै कमजोर थियो । उनी मुक्त कमलरी हुन् । मुक्त हुन अघि जमीनदारका घरमा काम गर्थें, ज्याला मजदुरी गर्थें, उनका श्रीमान् कमैया थिए, उनी कमलहरी । कमैया मुक्तिको घोषणासँगै उनीहरू साविकको पञ्चकुले गाविस वडा नं. ७ भ्जारगजेरीमा बस्न थाले । उनको परिवारमा श्रीमान्, श्रीमती, बृद्द आमा र एक छोरा गरी चार जना छन् । उनीहरूको आफ्नो जमीन थिएन । बबई नदिको तटिय क्षेत्रमा उनीहरूको बसोबास छ । उनीहरू धेरै वर्षदेखि उक्त ठाउँमा बसेपनि लालपुर्जा विहिन छन् । उनीहरू अरुको खेतबारी अधियाँ कमाएर गुजारा चलाइरहेका थिए । अहिले भने यो परिवारको अवस्था हेर्न लायक बनेको छ । यसको कारण हो- विकास कोष नर्वेको सहयोगमा दलित सेवा सङ्घद्वारा सञ्चालिते विभेदमा पारिएका समुदायको जीविकोपार्जनमा सुधार परियोजना अन्तर्गत अर्ध व्यवसायिक तरकारी खेती कार्यक्रम । उक्त परियोजनाको सहयोगमा उनीहरू अहिले तरकारी खेती गरेरै राम्रो आयआर्जन गरिरहेका छन् । तरकारी खेतीबाट वार्षिक एक लाख रूपैयाँसम्म कमाइ हुने गरेको चौधरी बताउँछिन् । घरपरिवारमा खाने तरकारीसम्म उत्पादन गर्न नसक्ने परिवारमा अहिले आफैँले उत्पादन गरेको तरकारीले भान्सामात्रै चलेको छैन, परिवारको खुसीमा रौनक थपिएको छ । शिलाले दिनहुँ तरकारी बेच्छिन्, हात-हातै नगद आम्दानी पनि हुन्छ । 'ताजा तरकारी खाएका छौँ । त्यही बेचेर दिनहुँ राम्रै आम्दानी पनि भइरहेको छ,' शिला भन्छिन्, 'पहिलेजस्तो दिनहुँ मजदुरी गर्न परेको छैन ।' आजभोलि शिला बिहानै हापुरे, रगैचा लगायत बजारमा देखिन्छिन् । ताजा तरकारी बिक्री गरेर दिनहुँ ५०० देखि दुई हजार रूपैयाँसम्म आम्दानी हुने गरेको छ ।


कृषि र पशुपालन बन्यो शर्मिलाको जिउने आधार

दाङको तुलसीपुर उपमहानगरपालिका–१३, गिधनियाकी शर्मिला चौधरीको पारिवारिक आर्थिक अवस्था निकै कमजोर थियो । ज्याला मजदुरी गरेर जीविकोपार्जन गर्थे, परिवारमा आर्थिक संकट कहिल्यै टुट्दैनथ्यो । व्यवसाय गरौँ भन्ने सोच थिएन, न पुँजी, न सामाजिक प्रेरणा, तर अहिले अवस्था फेरिएको छ । गाउँमा विकास कोष नर्वेको सहयोगमा दलित सेवा सङ्घले सञ्चालन गरेको जीविकोपार्जन सुधार परियोजनाको सहयोगले मुक्त कमलरी कृषकको जीवनमा केही खुशी भरिदिएको हो । समूहमा आबद्ध भएपछि उनले व्यवसायिक सोच र सहयोग मात्रै पाइनन्, बिउँपुँजी, आवश्यक सीप र बजारको सुनिश्चितता पनि संस्थाबाटै मिल्यो ।

दैनिक ज्यालादारी तथा मजदुरी गरेर परिवार चलाउँदै आएकी शर्मिला अहिले आफ्नै व्यवसायमा आत्मनिर्भर बनेकी छन् । ०७४ सालमा उक्त समूह गठन हुँदा शर्मिला समूहको उपाध्यक्ष भएकी थिइन् । समूहमा आबद्ध भएपछि उनले नेतृत्व विकास, तरकारी खेती, जलवायु अनुकूलन, सामाजिक समावेशीकरण, लैंगिक समानता लगायत विषयहरूमा निरन्तर तालिम, सिकाइ र अभ्यास गर्ने मौका पाइन् । व्यवसायिक बन्नुपर्नेबारे सचेत भएपछि उनले समूहबाट ५० हजार रूपैयाँ ऋण लिइन् जसबाट तरकारी खेती र बंगुरपालन गर्न थालिन् । त्यही काममा उनले मेहनत गर्न थालिन् । अहिले त्यही तरकारी खेती र बंगुरपालनले उनको घर खर्च चलेको छ । यस बीचमा उनले कृषि ज्ञान केन्द्रबाट समेत कृषि र पशुपालन सम्बन्धी सेवा बारे थाहा पाएकी छन् । अहिले वार्षिक एक लाख रूपैयाँसम्म कमाइ गरिरहेकी छन् । 'पुरै घर आफैँ हेर्नुपर्छ । घरको खर्च चलाएर पनि तरकारी खेती र बंगुरपालन गरेर वर्षमा एक लाख रूपैयाँसम्म आम्दानी गरिरहेकी छु,' उनले भनिन् ।

तरकारी खेती र बंगरपालनको आम्दानीबाटै उनले अहिले घर निर्माण गरेकी छन् । यही आम्दानीबाट उनको ७ जनाको परिवार चलेको छ । 'कसैको सानो सहयोगले पनि जीवनमा ठूलो परिवर्तन ल्याउन सकिने रहेछ,' उनी भन्छिन्, 'आफूले सीप सिकेर व्यवसायिक कार्य गर्न सके अर्काको भरपर्नु नपर्दो रहेछ ।


सामुहिक बचतले गौरी बनिन् व्यवसायिक कृषक

दाङको तुलसीपुर उपमहानगरपालिका–१३ गिधनीयाकी गौरी चौधरीलाई केही वर्ष अघिसम्म ज्याला मजदुरी गरेरै जीवन धान्नुपर्ने बाध्यता थियो । पूर्व कमलरी उनी कमजोर पारिवारिक अवस्थाकै कारण आफ्ना सन्तानलाई राम्रो भविष्य दिन नसक्ने कुराले चिन्तित हुन्थिन् तर अहिले अवस्था फेरिएको छ । उनी व्यवसायिक कृषक बन्दै छिन् । अब ज्याला मजदुरी होइन, उनले बाख्रा पालेकी छन् र करेसाबारीमा तरकारी खेती । उनले बंगुरपालन पनि गरेकी छन् । उनको आम्दानीको बाटो थपिदै गएका छन् । उनको जीवनमा यस्तो फेरबदल हुनुको कारण हो– गाउँमा गठन भएको मुक्त कमलरी कृषक समूह । DWO ले गौरी र गाउँका मुक्त कमलरीहरूलाई समूहमा संगठित गर्दै उनीहरूमा सामाजिक सोच र चेतनास्तर अभिवृद्धि गराएको छ । उनीहरू मजदुरी कम, व्यवसायिक ज्यादा भएका छन् । मजदुरी गरेर हिड्ने उनका श्रीमान् पनि अहिले आफ्नै व्यवसाय गरिरहेका छन् । समूहमा आवद्द भएपछि संस्थाले विउँ विजन, बाख्रा, सिंचाई जस्ता कुरामा सहयोग गरेपछि आफूलाई भगवान आएजस्तै भयो, गौरीले बताइन् । हामीलाई बचत गर्न र ऋण परिचालन गर्न सिकायो, त्यही ऋणबाट व्यवसाय गर्न सिकायो,' उनी भन्छिन्, 'तालिममा सीप सिकेर अहिले त व्यवसायिक बन्ने प्रयास गरिरहेका छौँ ।'

उनले २०७९ सालमा समूहबाट ऋण लिएर बाख्रा र बंगुरपालन थालेकी हुन् । त्यही वर्ष उनले ८० हजार आम्दानी गरिन् । अहिले त्यही बंगुर, बाख्रा र तरकारी खेतीको कमाइले उनको ७ जनाको परिवारको खर्च चलिरहेको छ । परिवारै मजदुरी छोडेर त्यही काममा खटिन थालेका छन् । छोराछोरीले घरको काममा सघाउँदै पढिरहेका छन् । यो गिधनिया गाउँका अन्य महिला कृषकहरूले ५/६ वर्षयता गौरीले गरेको प्रगति देखेर उनीजस्तै गरी व्यवसायिक बाख्रापालन, बंगुरपालन र तरकारी खेती गरेर राम्रो आम्दानी गरिरहेका छन् । मजदुरी गरेर खाने यहाँका गरिब परिवारलाई कृषक समूहले सिकाएको सीप साथै दलित सेवा सङ्घले गरेको सहयोग र सहजीकरणले ठुलो राहत मिलेको छ ।

# टिकुलीगैराको नेतृत्व गर्न थालिन अनिता बि.क.ले

दाङको बबई गाउँपालिका–६, टिकुलीगैराकी ३४ वर्षीया अनिता विक ग्रामीण महिला हुन् । सामान्य दलित परिवारमा गरिबीसँग जुध्दै हुर्किएकी उनी साक्षर मात्रै छिन् । पढ्न नपाएपछि परिवारले सानै उमेरमा उनको बिहे गरिदिए । उनी सानै उमेरमा आमा र गृहिणीका रूपमा रहिन् । 'सम्पत्तिको नाममा घरबास बाहेक केही थिएन, पढ्न पाइएन, सानैमा बिहे भयो,' उनी भन्छिन्, 'गाउँमा पढ्ने, लेख्ने मान्छे पनि थिएनन् । दलित बस्तीका मान्छेहरू छिमेकीको काम गरिदिएर गुजारा चलाउँथे, हामी पनि त्यसैगरी हुर्कियौँ' उनी भन्छिन् । गाउँमा कसैले घरको काममा लगाउँथे, कसैले मेलापातको काममा । घरका पुरुषहरू मजदुरीका लागि भारतसम्म जान्थे ।

DWO को सहजीकरणमा २०७४ सालमा टिकुलीगैरामा रहेका दलित समुदायलाई समेटेर कृषि समूह गठन भयो । भेलाले अनितालाई त्यो समूहको अध्यक्ष पदमा चयन गऱ्यो । 'अध्यक्ष बस्नु भनेर सबैले भन्दा के पो सकिएला र भनेर डर लागेको थियो तर गर्दै जाँदा सिकिँदो रहेछ,' अनिता भन्छिन् । समूहमा उनीहरूले मासिक बचत गर्न थाले । त्यही बचतबाट संकलित रकमलाई समूहका सदस्यहरूबीच लगानी गर्न थालियो । उनी भन्छिन्, 'समूहमा आर्थिक कारोबार हुन थालेपछि अफ्ठ्यारो परेका बेला ऋण चलाउन पाइन्छ भन्ने सिकाई भयो, सानो बचतले पनि हामी गरिब दुःखीलाई ठूलो हिम्मत मिल्ने रहेछ ।'



कृषि समूहबाटै गाउँका दलित समुदायको सामाजिक र आर्थिक सशक्तीकरण भएको उनले बताइन् । दलित सेवा सङ्घले समूहमा समावेशिता, लैंगिक समानता, नेतृत्व विकास र सामाजिक समावेशीकरणका विषयमा तालिम सञ्चालन गर्‍यो । उनीहरूले बजेट निर्माण र सञ्चालनबारे थाहा पाउन थाले । प्रस्तावना पत्र र प्रतिवेदन लेख्न सिके । 'कृषि समूहमा खेतीपातीका कुरामात्रै गरेनौं । DWOले हामीलाई मानिस भएर बाँच्ने जुक्ती सिकायो । हामी दलित महिलाहरू कसरी पछाडि परिरहेका छौँ र कसरी अघि बढ्ने भनेर सिकायो, उनी भन्छिन् । समूह मार्फत कृषि तथा पशु सेवा कार्यालय सम्म पुगेर सेवा लिन सिकायो । अनिताको नेतृत्वमा समुहले स्थानीय सरकारबाट कृषि र पशु सेवा सम्बन्धी योजना माग गरे, सुविधा लिए । 'विगतमा सरकारी कार्यालयमा के सेवा पाइन्छ ? के कसरी भन्ने वा माग गर्ने ? भनेर थाहा थिएन, यी सबै कुरा हामीलाई DWO LISEC परियोजनाले सिकायो,' उनी भन्छिन् । कृषि समूहमा अध्यक्षको रूपमा काम गरेकी अनिता टिकुलीगैरा लिफ्ट सिँचाइ आयोजना उपभोक्ता समितिमा सचिव भइन् । 'सिँचाइ आयोजना उपभोक्ता समितिमा मैले सिंगो दलित समुदायको आवाज बनेर प्रतिनिधित्व गरेको छु,' उनी भन्छिन्, 'अहिले त धेरै जना दलित महिला दिदीबहिनीहरू खुलेर सामाजिक काममा अग्रसर भएर आउनुहुन्छ ।'

समूहका सदस्यहरूले गाउँमा बाख्रा र बंगुर पालन गरेका छन् । समूहका २० जना सदस्यहरू मध्ये १३ जनाले बाख्रा पालेका छन् भने ७ जनाले बंगुर पालन गरेका छन् । तरकारी बालीका बिऊबिजन, धान, आलु, गहुँ, तोरी, मकै लगायतका बालीका बिऊँ, फलफुलका बेर्नादेखि गाईबस्तुका लागि आवश्यक औषधी सम्मका लागि उनले अगुवाइ गर्ने गरेकी छन् । उनले परिवारको जिम्मेवारी मात्रै उठाइरहेकी छैनन्, समाजमा उदाहरणीय महिला नेतृत्वका रूपमा समेत चिनिएकी छन् ।

'यस संस्थाको सहयोगका कारण बोल्न सक्ने क्षमताको विकास भएको छ, हौसला बढाएको छ । हामी पनि समाजमा केही गर्न सक्छौं भन्ने आँट र आत्म विश्वास बढाएको छ,' उनले भनिन् । गाउँका महिला र वृद्धवृद्धाले विगतमा वडा र गाउँपालिकाबाट विनियोजन हुने बजेट र योजना मात्रै होइन, सामाजिक सुरक्षा भत्ता पाउने विषयमा समेत जानकारी राख्दैन थिए तर अहिले आफैं सोध्ने, खोज्ने र आफ्नो हक लिन सक्ने भएका छन् । यसको नेतृत्व अनिताले गरिरहेकी छिन् । यो परिवर्तन ल्याउनमा सहयोग गरेकोमा विकास कोष नर्वे र दलित सेवा सङ्घ प्रति उनी निकै आभारी छिन् ।

# अटो मर्मतको कमाईले हर्षित छन् हर्कबहादुर



दाङको बबई गाउँपालिका–४ हस्तनापुरका हर्कबहादुर वि.क.ले कृषि जेटीए पढेका हुन् तर गरिबीकै कारण पढाइ पूरा गर्न सकेनन् । मिठो मसिनो खाने, राम्रो लगाउने दुई पैसा जोहो गर्न १५ वर्ष नकट्दै भारत गइहाल्नु पर्ने गाउँको अवस्थाका बीच उनले एस.एल.सी.सम्म पढे । दलित परिवारमा हुर्किएका उनले एसएलसीपछिको पढाई पूरा गर्न सकेनन् । राम्रो पढ्ने, रोजगारी गर्ने र आफ्ना सपना पूरा गर्ने उनको चाहना अधुरो रह्यो । एसएलसीपछि उनले १८ महिने जेटीए कोर्स पढ्न भर्ना गरेका थिए, तर आर्थिक अभावकै कारण पढाइ पूरा गर्न सकेनन् । भारत गएर पैसा कमाउने र परिवारको दुःखको घाउमा मलम लगाउनु पर्ने बाध्यताले उनलाई त्यतै डोऱ्यायो । केही समय उतै आउने जाने गरेका थिए । अहिले भने उनी गाउँमै अटो वर्कसपमा काम गर्छन् र भारतमा भन्दा राम्रो कमाइ गाउँमै गरिरहेका छन् ।

उनी बेरोजगारी भएर डुलिरहेकै बेला गाउँमा दलित सेवा सङ्घले विकास कोष नर्वेको सहयोगमा दाङमा विभेदमा पारिएका समुदायको जीविकोपार्जन सुधार (लाईसेक) परियोजना सञ्चालन गऱ्यो । यस परियोजना मार्फत यूवाहरूलाई स्वरोजगार बनाउने पनि यो परियोजनाको एक महत्वपूर्ण उद्देश्य हो । उनले यस परियोजना मार्फत ३ महिने अटो मर्मत तालिम लिने अवसर पाए । उनी अहिले बबई गाउँपालिका–५ मा रहेको रेशम अटो वर्कसपमा काम गर्छन् । 'पढ्न पाइएन, सीप भए अर्काको देश जानुभन्दा आफ्नै गाउँमा राम्रो गर्न सकिने रहेछ,' उनी भन्छन्, 'मैले यो सीप सिकेपछि धेरै राम्रो भएको छ ।' हाल दाङमा अटो रिक्साको प्रयोग अत्यधिक बढेको छ जसका कारण मर्मत सम्भार सम्बन्धी कामको भ्याई नभ्याई छ ।

अब उनको ध्येय छ, अटो वर्कसपमा राम्रो काम गर्ने, सफल व्यवसायी बन्ने र दक्ष प्रशिक्षकको रूपमा स्थापित हुने । त्यही लक्ष्य लिएर उनी अहिले मेहनत गरिरहेका छन् । गाउँमा रोजगारी नपाएर भारत गएर मजदुरी गर्ने युवाका लागि उनी देशमै पनि काम गरेर खान सकिन्छ भन्ने उदाहरण बनेका छन् । 'भारतमा गएर पनि मजदुरी नै गर्ने हो । सीप सिक्यो भने गाउँमै पनि भारतमा भन्दा राम्रो कमाई गर्न सकिने रहेछ,' उनी भन्छन् । सीपमुलक तालिम पनि यूवा स्वरोजगारका महत्वपूर्ण पक्ष भएको उनको यो सफलताले देखाएको छ ।



# व्यवसायिक कृषक बन्दै मुक्त कमलहरी नरेश कुमारी

दाङको तुलसीपुर उपमहानगरपालिका-१३, गिधनियाकी नरेशकुमारी चौधरी मुक्त कमलहरी हुन् । सानैदेखि ज्यालादारी र मजदुरी गरेर बाँच्नुपर्ने बाध्यतामा परेकी उनी अब त विगतका दुःख सम्झिन पनि चाहदिनन् । अहिले भने नरेशकुमारीले आफ्नै व्यवसाय गरेर मनग्ये आम्दानी र गुजारा चलाइरहेकी छन् ।

यसको कारण हो- विकास कोष नर्वेको सहयोगमा दलित सेवा सङ्घले सञ्चालन गरेको जीविकोपार्जन सुधार परियोजना । परियोजनाले मुक्त कमलहरीहरूलाई संगठित गरेर नेतृत्व विकास गर्न र व्यवसायिक बन्न सहयोग पुऱ्याएको हो ।

२०७४ सालमा गठन भएको थियो- मुक्त कमलहरी अर्धव्यवसायिक कृषक समूह । उनी समूहको उपाध्यक्ष भएकी थिइन् । समूहमा आबद्ध भएपछि नेतृत्व विकास, तरकारी खेती तालिम, जलवायु अनुकूलन तालिम लगायत गतिविधिमा उनी सक्रियरूपमा सहभागी भइन् । अर्धव्यवसायिक तरकारी खेतीका लागि संस्थाले विउँविजन, मल, सिंचाई सहयोग गऱ्यो । त्यसैको प्रतिफलका रूपमा उनले अहिले बलियो आत्मविश्वास र व्यवसायिक सीपहरू पाएकी छन् । व्यवसाय सुरु गर्ने बेला उनले समूहबाट पनि केही व्यवसायिक ऋण लिइन् । त्यही रकमबाट उनले तरकारी खेती र बंगुरपालन सुरु गरिन् । कुखुरापालनबाट उनले थप राम्रो आम्दानी गर्न सफल भएकी छिन् । 'अब त तरकारी खेती मात्रै होइन, यसैबाट व्यवसायिक बनेर राम्रो आम्दानी गर्न सकिने रहेछ भनेर पनि सिकेँ,' उनी भन्छिन् । उनले वार्षिक रूपमा तरकारी खेतीबाट मात्रै एक लाख रूपैयाँ आम्दानी गरिरहेकी छन् । उनी भन्छिन्, 'अब अझै व्यवसायिक रूपमा निरन्तर काम गरेर कमाई गर्ने धोको छ,' ।

सल्यान

# पेशा परिवर्तनले आत्मनिर्भर बनेकी मालती बादी

मालती बादी पश्चिम नेपालको कर्णाली प्रदेशको सल्यान जिल्ला, शारदा नगरपालिका वडा नं. ६ मा बसोबास गर्ने एक सङ्घर्षशील दलित महिला हुन् । सीमित आर्थिक स्रोत, सामाजिक विभेद, रोजगारीको अभाव र भुमीहिनताका बीच जीविकोपार्जनका लागि सङ्घर्षरत दलित महिला हुन् । उनी आत्मनिर्भर बन्ने इच्छाशक्तिका साथ अघि बढिरहेकी थिइन् । दलित सेवा सङ्घले कार्यक्रम सुरु गर्नभन्दा पहिले मालती बादीको परिवारको आम्दानी परम्परागत रूपमा माग्ने र मादल बनाउने पेशामा निर्भर थियो । यसबाट हुने आम्दानी अत्यन्तै न्यून भएकाले परिवारको दैनिक खर्च, स्वास्थ्य उपचार तथा छोराछोरीको शिक्षामा गम्भीर समस्या थियो । स्थायी आम्दानीको स्रोत नहुँदा परिवारको भविष्य अनिश्चित बनेको थियो ।



विकास कोष नर्वेको आर्थिक सहयोगमा दलित सेवा सङ्घद्वारा सञ्चालित कार्यक्रम अन्तर्गत मालती बादी डौडेडाँडा कबुलियती तरकारी समूहकी सदस्य बनिन् । दलित सेवा सङ्घको सहकार्यमा सञ्चालन गरिएको उक्त कार्यक्रममार्फत समूहले पाँच वर्षका लागि जग्गा भाडामा लिएर सामूहिक रूपमा व्यवसायिक तरकारी खेती सुरु गऱ्यो । संस्थाले गरेको विउँविजन, मल, मेसिन औजार, माछापालन सम्बन्धी सहयोग, तालिम र प्राविधिक सहयोगले मालती बादीलाई व्यवसायिक खेतीतर्फ अघि बढ्न उत्प्रेरित गऱ्यो । 'विभेदमा पारिएका समुदायको जीविकोपार्जन सुधार परियोजना अन्तर्गत प्राप्त सहयोगपछि मालती बादीको तरकारी खेती व्यवस्थित, व्यवसायिक र नाफामुखी बन्दै गएको छ । हाल उनले तरकारी खेतीबाट प्रतिमहिना करिब १५,००० देखि २०,००० रूपैयाँसम्म नियमित आम्दानी गरिरहेकी छिन् । यही आम्दानीबाट आफ्नो बसोबासका लागि जग्गा खरिद गरी घर निर्माण गर्न सफल भएकी छिन् । आर्थिक रूपमा आत्मनिर्भर बन्दै गएपछि परिवारको स्वास्थ्य, शिक्षा र जीवनस्तरमा उल्लेखनीय सुधार भएको छ ।

मालती बादीको सफलताको यात्राले विकास कोष नर्वेको आर्थिक सहयोग र दलित सेवा सङ्घको साझेदारीमा सञ्चालन गरिएको कार्यक्रमले दलित तथा विपन्न समुदायको जीवनमा दिगो र सकारात्मक परिवर्तन ल्याएको स्पष्ट देखिन्छ । उचित अवसर, संस्थागत सहयोग र व्यक्तिको दृढ इच्छाशक्तिले आत्मनिर्भरता सम्भव छ भन्ने उदाहरण मालती बादी बनेकी छिन् । उनी आर्थिक रूपले आत्म निर्भर भएपछि गाउँमा उनीमाथि हुने जातीय भेदभावमा समेत कमी आएको छ ।


सिलाकटाई व्यवसायले कमलालाई मिल्यो काम अनि दाम

कमला बिक सल्यान जिल्ला, शारदा नगरपालिका वडा नं. ६, बरला निवासी एक परिश्रमी दलित महिला हुन् । लामो समयसम्म उनी आर्थिक रूपमा कमजोर अवस्थाबाट जीवनयापन गर्दै आएकी थिइन् । परिवारको आम्दानीको स्थायी स्रोत नहुँदा मजदुरी तथा अरूको भरमा निर्भर रहनु पर्ने अवस्था थियो, जसका कारण दैनिक आवश्यकताहरू पूरा गर्न, स्वास्थ्य उपचार तथा छोराछोरीको शिक्षामा समेत कठिनाइ भइरहेको थियो । सीप र पुँजीको अभावका साथै आत्मविश्वासको कमीले उनी आफ्नै लगानीमा व्यवसाय सुरु गर्न नसक्ने अवस्थामा थिइन् ।

विकास कोष नर्वेको आर्थिक सहयोगमा तथा दलित सेवा सङ्घ द्वारा सञ्चालित 'विभेदमा पारिएका समुदायको लागि जीविकोपार्जन सुधार परियोजना'अन्तर्गत कमला बिकलाई सिलाई-कटाइ सम्बन्धी व्यवसायिक तालिम प्रदान गरियो । तालिमसँगै उनलाई सिलाई मेसिन तथा आवश्यक सामग्री उपलब्ध गराइयो र व्यवसाय सञ्चालनका लागि २० हजार रूपैयाँ समेत सहयोग प्रदान गरियो । यस सहयोगले कमलामा आत्मविश्वास बढाएको मात्र होइन, आफ्नै व्यवसाय सुरु गर्ने हिम्मत पनि जगायो ।

तालिम पछि कमला बिकले शारदा नगरपालिका वडा नं. ६, बरला बजारमा आफ्नै सिलाई-कटाइ व्यवसाय सुरु गरिन् । हाल उनी उक्त व्यवसायबाट नियमित आम्दानी गर्न सक्षम भएकी छिन् । प्राप्त आम्दानीबाट उनले सहकारीमा मासिक बचत सुरु गरेकी छिन् र छोराछोरीलाई बोर्डिङ स्कुलमा अध्ययन गराउन सक्ने भएकी छिन् । आर्थिक आत्म निर्भरतासँगै परिवारको जीवनस्तरमा सुधार आएको छ भने समुदायमा उनको पहिचान र सामाजिक सम्मानमा समेत बढ्न थालेको उनी बताउँछिन् । सीप विकास, आवश्यक स्रोत र निरन्तर सहयोग उपलब्ध भएमा दलित महिलाहरू आत्मनिर्भर भई सम्मानित जीवनयापन गर्न सक्छन् भन्ने सन्देश कमला बिकको सफलताले देखाएको छ । यस पेशाले अव रोजगार पनि दियो । आम्दानी पनि बढायो, कमला बताउँछिन् ।

# हीरा अव नामले मात्र हैन,
# काम र कमाईले पनि हीरा बन्दै

हिरा नेपाली पश्चिम नेपालको सल्यान जिल्ला, शारदा नगरपालिका वडा नं. ६, बाहुनचौर निवासी एक मेहनती दलित महिला हुन् । सीमित आर्थिक स्रोत, सामाजिक विभेद र रोजगारीको अभावका बाबजुद पनि उनी आत्मनिर्भर बन्ने दृढ इच्छा शक्तिका साथ अघि बढिरहेकी थिइन् । परिवारको भविष्य सुरक्षित बनाउने चाहनाले उनी आयआर्जनका अवसर हरूको खोजीमा थिइन् । हिरा नेपालीको आम्दानी परम्परागत घरायसी काममा सीमित थियो । स्थायी आयको स्रोत नहुँदा पारिवारिक दैनिक खर्च, स्वास्थ्य उपचार तथा छोराछोरीको शिक्षामा गम्भीर समस्या थियो । आर्थिक अभावका कारण परिवारको जीवनस्तर कमजोर अवस्थामा थियो ।



विकास कोष नर्वेको आर्थिक सहयोगमा दलित सेवा सङ्घबाट सञ्चालित 'विभेदमा पारिएका समुदायको जीविकोपार्जन सुधार परियोजना अन्तर्गत गठित हिरा नेपाली दलित एकता महिला समूहकी सदस्य बनिन्। कार्यक्रम मार्फत उनलाई बाख्रा तथा बोयर जातको बोका सहयोग प्रदान गरियो, जसले उनलाई व्यवसायिक रूपमा बाख्रापालन सुरु गर्न प्रेरित गर्‍यो। आवश्यक प्राविधिक मार्गदर्शन र निरन्तर सहयोगले उनको व्यवसायलाई व्यवस्थित रूपमा अघि बढ्न मद्दत गर्‍यो। यस सहयोगपछि हिरा नेपालीको बाख्रापालन व्यवसाय क्रमशः नाफामुखी बन्दै गएको छ। हाल उनी व्यवसायिक रूपमा बाख्रापालन गर्दै आएकी छिन् र वार्षिक करिब २ लाख रूपैयाँ बराबरका खसी-बोका बिक्री गर्न सफल भएकी छिन्। प्राप्त आम्दानीबाट परिवारको दैनिक आवश्यकताहरू सहज रूपमा पूरा भइरहेका छन् भने छोराछोरीको शिक्षामा पनि लगानी गर्न सक्ने भएकी छन्। हाल उनकी एक छोरी उच्च शिक्षाका लागि काठमाडौंमा अध्ययनरत छिन्, जुन यस व्यवसायबाट आएको आर्थिक सुदृढीकरणको प्रत्यक्ष उदाहरण हो।

हिरा नेपालीको यो सफलताको कथाले दलित तथा विभेदमा पारिएका समुदायको जीवनमा दिगो र सकारात्मक परिवर्तन ल्याएको प्रस्ट देखाउँछ। सही अवसर, संस्थागत सहयोग र व्यक्तिको मेहनतले आत्मनिर्भरता सम्भव छ भन्ने प्रेरणादायी सन्देश हिरा नेपालीको बाख्रापालनको अनुभवबाट सिक्न सकिन्छ।

# व्यवसायिक तरकारी खेतीले फेरियो सुन्तली बादीको जीवनस्तर र सामाजिक सम्मान

सुन्तली बादी शारदा नगरपालिका वडा नं= ६, बरला निवासी बादी समुदायकी एक परिश्रमी महिला हुन् । सल्यान जिल्लामा दलित समुदाय भित्र बादी समुदाय सामाजिक र आर्थिक रूपमा सबैभन्दा पछाडी छन् । सीमित स्रोत, सीप र पुँजीको अभावका कारण उनको आम्दानी अत्यन्तै न्यून थियो । यस अघि जीविकोपार्जनका लागि ज्यालादारी गर्नपर्ने र कहिलेकाहीँ मागेर पनि छाक टार्न पर्दथ्यो । सुन्तली बादीको परिवारको आम्दानी परम्परागत रूपमा मादल बनाउने काममा निर्भर थियो । यसबाट हुने आम्दानी पर्याप्त नहुँदा परिवारको दैनिक खर्च, स्वास्थ्य उपचार तथा छोराछोरीको शिक्षामा गम्भीर समस्या देखिन्थ्यो । स्थायी आम्दानीको स्रोत नहुँदा परिवारको भविष्य असुरक्षित थियो । उनको परिवारलाई जातीय विभेद मान्ने समाजबाट एकपटक ज्यानै जोखिममा पर्नेगरी कुटपिट गरिएको थियो । सामाजिक विभेद र रोजगारीको अभावका बीच पनि उनी आत्मनिर्भर बन्ने दृढ इच्छा शक्ति बोकेर अवसरको खोजीमा लागिन् ।



विकास कोष नर्वेको आर्थिक सहयोगमा दलित सेवा सङ्घबाट सञ्चालित 'विभेदमा पारिएका समुदायको जीविकोपार्जन सुधार परियोजना' अन्तर्गत गठन गरिएको डौडेडाँडा कबुलियती तरकारी समूहमा सुन्तली बादी आबद्ध भइन् । उनी सो समूहकी कोषाध्यक्षको रूपमा सक्रिय रहँदै आएकी छन् । उनले समुहका सदस्यहरूसंगै जग्गा भाडामा लिई व्यवसायिक तरकारी खेती र माछापालन गर्न थालिन् । संस्थाले उनको समुहलाई आवश्यक विउँविजन, मल, मेसिन उपकरण, औजार, सिंचाई, टनेल लगायत जग्गा भाडा समेत उपलब्ध गरायो । उनीहरूले एक विगाहा जग्गा भाडामा लिएका छन् । त्यति मात्र नभै उनले अन्य ठाउँमा समेत अतिरिक्त जग्गामा तरकारी खेती गर्न थालिन् । तरकारी उत्पादन गर्न सकेपछि उनीहरूलाई बजारको समस्या थिएन । जति उत्पादन गरेपनि नजिकैको श्रीनगर बजारमा उनीहरूको सबै उत्पादन विक्री हुन्छ । यो उनको लागि ठलो अवसर बन्यो । संस्थाबाट प्राप्त सहयोगले उनको व्यवसायलाई व्यवस्थित रूपमा अघि बढ्न मद्दत गर्‍यो । यस सहयोगपछि सुन्तली बादीको आम्दानीमा उल्लेखनीय परिवर्तन आएको छ । हाल उनी व्यवसायिक तरकारी खेतीबाट मासिक करिब २०,००० देखि २२,००० रूपैयाँसम्म नियमित आम्दानी गर्न सफल भएकी छिन् । यही आम्दानीबाट उनले आफ्नै घर निर्माण गरेकी छिन् र करिब २ रोपनी जग्गा खरिद गर्नसमेत सफल भएकी छिन् । आर्थिक अवस्था सुदृढ बनेपछि उनका श्रीमानले पनि अटो किनेर चलाउन थालेका छन् भने एक छोरा र एक छोरीलाई सरकारी विद्यालयमा नियमित रूपमा पठनपाठन गराइरहेकी छिन् । आफ्नो नाममा जग्गा नभएका भुमीहिन र सबैभन्दा सिमान्तकृत समुदायकी सुन्तली बादी आफ्नै घरमा आत्मविश्वासका साथ जीवनयापन गरिरहेकी छिन् । मेहनत र अवसरको सही सदुपोगले आत्मनिर्भर बन्न सकिने सन्देश समुदायमा प्रवाह गरिरहेकी छिन् । सुन्तली बादीको यो सफलताले विकास कोष नर्वेको आर्थिक सहयोग र दलित सेवा सङ्घको साझेदारीमा सञ्चालित कार्यक्रमले दलित तथा विभेदमा पारिएका समुदायको जीवनमा दिगो र सकारात्मक परिवर्तन ल्याउन सकेको स्पष्ट देखाउँछ । सही अवसर, संस्थागत सहयोग र व्यक्तिको परिश्रमले आर्थिक सशक्तीकरण र सामाजिक प्रतिष्ठामा बृद्दि हुँदोरहेछ भन्ने उदाहरण बनेकी छन् सुन्तली बादी ।

# जलवायु अनुकूलित गाउँ निर्माणमा सुधारिएको चुलो एक सफल अभ्यास सावित

दलित सेवा सङ्घले विकास कोष नर्वेको आर्थिक सहयोगमा कर्णाली प्रदेशमा अवस्थित सल्यानको बनगाड कुपिण्डे नगरपालिका वडा नं. ८ ज्यामिरेमा जलवायू अनुकुलित गाउँको अभ्यास गरेको छ। उक्त ज्यामिरे गाउँमा दलितहरूको बाक्लो वस्ती रहेको छ। त्यहाँका दलित समुदायहरू दलित एकता कृषक समुह गठन गरी सबै दलित घरधुरीहरू संगठित भएका छन्। उक्त बस्तीमा यस संस्थाले विभिन्न खालका सहयोग र सशक्तीकरणका कार्यहरू गरेको छ र त्यसमध्य जलवायू अनुकुलित गाउँ अवधारणा पनि एक हो। त्यहाँ जलवायू अनुकुलनता र न्यूनीकरणका केही राम्रा अभ्यासहरू भएका छन् जसमध्ये सुधारिएको चुलो एक हो। समुहले निर्माण गरेको अनुकुलन योजनाहरू मध्य सुधारिएको चुलो पनि एक हो। उक्त योजना कार्यान्वयनका लागि संस्थाले गरिब दलित घरधुरीहरू मध्ये १० घरधुरीहरूमा सुधारिएको चुलो निर्माण गरिदिएको छ।

जलवायु परिवर्तनको असर न्यूनीकरण तथा अनुकूलनका लागि ग्रामीण क्षेत्रमा सुधारिएको चुलोको प्रयोग एक प्रभावकारी र दिगो उपायका रूपमा स्थापित भएको छ। सुधारिएको चुलो बनेका घरधुरीहरूले सुधारिएको चुलोको प्रयोगले वातावरणीय, स्वास्थ्य, सामाजिक तथा आर्थिक क्षेत्रमा सकारात्मक परिवर्तन ल्याएको छ, जसले जलवायु



अनुकूलित गाउँ निर्माणमा महत्वपूर्ण योगदान पुगेको समुहका सदस्यहरू बताउँछन् ।

वातावरणीय प्रभावः सुधारिएको चुलोको प्रयोगले दाउराको खपतमा कमी आएको छ । कम धुवाँ निस्कने प्रविधिका कारण कार्बन उत्सर्जन घट्दै जलवायु परिवर्तनको असर न्यूनीकरणमा सहयोग पुगेको छ । यसले गाउँ वरपरको वातावरणलाई स्वच्छ, हरियाली र स्वस्थ बनाएको छ ।

स्वास्थ्यमा सुधारः धुवाँको मात्रा घटेसँगै आँखा पोल्ने, खोकी, दम तथा फोक्सो सम्बन्धी रोगहरूको जोखिम कम भएको छ । विशेषगरी महिला, बालबालिका र वृद्धवृद्धाको स्वास्थ्य अवस्थामा सकारात्मक सुधार देखिएको छ । घरभित्रको हावाको गुणस्तर सुधार भई सुरक्षित र स्वस्थकर बसोबासको वातावरण सिर्जना भएको छ ।

सामाजिक परिवर्तनः दाउरा संकलनका लागि खर्चिने समय र श्रममा समयमा केही मात्रामा घटेकाले महिलाको समय बचत भएको छ, जसले उनीहरूको सहभागिता घरपरिवार तथा समुदायस्तरको निर्णय प्रक्रियामा बढाएको छ । यसले महिलाको सशक्तिकरणमा समेत सहयोग पुऱ्याएको छ ।

आर्थिक लाभः दाउराको कम प्रयोगका कारण घरेलु खर्चमा कमी आएको छ । केही समुदायमा सुधारिएको चुलो निर्माण तथा मर्मत कार्यबाट यस सम्बन्धी सीप भएका व्यक्तीहरूको आम्दानीमा पनि बृद्दि भएको छ । दीर्घकालीन रूपमा स्वास्थ्य खर्चमा पनि कमी आएको देखिएको छ ।

जलवायु अनुकूलनमा योगदानः प्राकृतिक स्रोतको दिगो उपयोगले समुदायलाई जलवायु सहनशील बनाउन सहयोग पुगेको छ । सुधारिएको चुलोमार्फत बढेको सचेतनाले समुदायलाई वृक्षारोपण, वैकल्पिक ऊर्जा प्रयोग तथा अन्य हरित अभ्यासहरू अपनाउन प्रेरित गरेको छ ।

समग्रमा, सुधारिएको चुलो केवल खाना पकाउने साधन मात्र नभई जलवायु अनुकूलित गाउँ निर्माणको एक महत्वपूर्ण आधार बनेको छ । यसले वातावरण संरक्षण, धुँवाजन्य रोग लाग्ने जोखिम घटाएको, सामाजिक सशक्तीकरण तथा आर्थिक उन्नतिलाई एकसाथ अघि बढाउँदै दिगो विकासतर्फ समुदायलाई अग्रसर गराएको छ । यो सहयोग गरेकोमा समुहका सदस्यहरू विकास कोष नर्वे र दलित सेवा सङ्घलाई आभार व्यक्त गरेका छन् ।



REDMI NOTE 11 | NETRASDE

## परम्परागत सिलाई पेशालाई आधुनिकीकरण गर्दा आन्दानीका साथै सामाजिक सम्मान बढ्यो

सुमन दमाई एक दलित समुदायका परिश्रमी व्यक्ति हुन्। उनको स्थायी बसोबास सल्यान जिल्ला, शारदा नगरपालिका-१ मा रहेको छ। हाल ३८ वर्ष उमेर पुगेका सुमन दमाई आर्थिक रूपमा कमजोर अवस्थाबाट जीवनयापन गर्दै आइरहेका थिए। परिवारको स्थायी आम्दानीको स्रोत नहुँदा दैनिक आवश्यकताहरू पूरा गर्न कठिनाई भइरहेको थियो। सुमन दमाई परम्परागत रूपमा सिलाई-कटाइको काम खलंगामा गर्दै जीवन गुजार्दै आएका थिए। आम्दानी अत्यन्त सीमित भएकाले छोराछोरीको शिक्षा तथा परिवारको स्वास्थ्य उपचारमा गम्भीर समस्या थियो। वैदेशिक रोजगारीका लागि विदेश



गए पनि स्वास्थ्य समस्या (बिरामी) का कारण फर्किनु परेपछि परिवारको आर्थिक अवस्था अझै कमजोर बनेको थियो ।

विकास कोष नर्वेको आर्थिक सहयोग र दलित सेवा सङ्घको साझेदारीमा सञ्चालित विभेदमा पारिएका समुदायको जीविकोपार्जन सुधार परियोजना (LISEC phase २) अन्तर्गत सुमन दमाई दलित महिला बहुउद्देश्य कृषि सहकारी संस्थाका सेयर सदस्य बने । सुरुमा उनीसँग सिलाई कटाई सम्बन्धी त्यति राम्रो सीप थिएन ।

पछि दलित सेवा सङ्घले उनलाई परियोजना मार्फत सिलाई-कटाई व्यवसायका लागि आवश्यक सीप विकास तालिम, सिलाई मेसिन तथा औजार सामग्री उपलब्ध गरायो साथै व्यवसाय सञ्चालनका लागि नगद ५०,००० रूपैयाँ सहयोग प्रदान गरियो । परियोजनाको सहयोगपछि सुमन दमाईले श्रीनगर बजार क्षेत्रमा आफ्नै सिलाई-कटाइ पसल सञ्चालन गर्न थाले । हाल उनी मासिक करिब २५,००० देखि ३०,००० रूपैयाँ सम्म आम्दानी गर्दै आइरहेका छन् । व्यवसाय विस्तारसँगै उनले दुई जनालाई रोजगारी समेत प्रदान गरेका छन् । यस आम्दानीबाट उनले आफ्ना दुई सन्तानलाई बोर्डिङ स्कुलमा अध्ययन गराउन सफल भएका छन् । वैदेशिक रोजगारीबाट बिरामी अवस्थामा फर्किएपछि जीवनप्रति निराश बनेका सुमनका लागि यो परियोजना नयाँ आशाको आधार बन्यो । उनी भन्छन्, "तालिम र सहयोगले मेरो जीवनमा ठूलो परिवर्तन ल्यायो, आज आत्म सम्मानका साथ आफ्नै व्यवसाय सञ्चालन गर्न सकेको छु । "सुमनको सफलताले दलित तथा विपन्न समुदायको जीवनमा दिगो परिवर्तन ल्याउन सक्ने सशक्त उदाहरण हो । आफ्नो परम्परागत पेशालाई आधुनिकता दिन सके र व्यवसायिक बनाउन सके रोजगारको लागी बिदेश जानु पर्दोरहेनछ, सुमन बताउँछन् । यसले मेरो आम्दानी पनि बढायो समाजले पहिले हेला गर्थे अहिले सम्मान गर्ने गरेको उनी बताउँछन् ।

# व्यवसायिक तरकारी खेतीले रामबहादुरको जीवनमा थप्यो खुशी

रामबहादुर बस्नेत कर्णाली प्रदेशको सल्यान जिल्ला, शारदा नगरपालिका-६, बरला निवासी एक परिश्रमी कृषक हुन् । हाल ५० वर्ष उमेर पुगेका उनी लामो समयदेखि आर्थिक रूपमा कमजोर अवस्थाबाट जीवनयापन गर्दै आएका थिए । आम्दानीको स्थायी स्रोत नहुँदा परिवारको दैनिक आवश्यकता पूरा गर्न कठिनाइ भइरहेको थियो । उनी विकास कोष नर्वेको आर्थिक सहयोग र दलित सेवा सङ्घको साझेदारीमा सञ्चालित कार्यक्रम अन्तर्गत डाँडेडाँडा कबुलियती व्यवसायिक तरकारी समूहका सदस्य हुन् । कार्यक्रम सुरु हुनुअघि रामबहादुर बस्नेत परम्परागत खेतीपातीमा निर्भर थिए । आफ्नो उत्पादनले वर्षमा ४ महिना जति मात्र खान पुग्ने र आम्दानीको अन्य स्रोत नुहँदा परिवारको दैनिक पोषणयूक्त खाना, स्वास्थ्य उपचार तथा छोराछोरीको शिक्षामा लगानी गर्न मुस्किल परेको थियो ।



कृषिमा केही गर्नपर्छ भन्ने आँट भएपनि यसलाई व्यवसायिक रूपमा सञ्चालन गर्ने सीप, पुँजी र बजार पहुँचको अभावले उनी आत्मनिर्भर बन्न सकिरहेका थिएनन् ।

विकास कोष नर्वेको आर्थिक सहयोग र दलित सेवा सङ्घको साझेदारीमा सञ्चालित विभेदमा पारिएका समुदायको जीविकोपार्जन सुधार परियोजना (LISEC Phase २) अन्तर्गत गठित समूहमा आबद्ध भई उनले विगत केही वर्षदेखि जग्गा भाडामा लिएर तरकारी खेती सुरु गरे । उनले परियोजनाबाट तालिम, प्राविधिक सहयोग, बिउँविजन, औजार, प्रविधि, सिंचाई जस्ता सहयोग निरन्तर रूपले प्राप्त गरे जसको फलस्वरूप उनको खेती प्रणाली क्रमशः व्यवस्थित र व्यवसायिक बन्दै गयो ।

हाल रामबहादुर बस्नेतले आलु, मुला, गाजर, सिमी, बोडी, भान्टा, साग, धनिया, काउली, बन्दा लगायत मौसमी तथा बेमौसमी तरकारी उत्पादन गर्दै आएका छन् । व्यवसायिक तरकारी खेतीबाट उनले मासिक करिब २८,००० देखि ३५,००० रूपैयाँसम्म आम्दानी गर्दै आइरहेका छन् । यस आम्दानीबाट उनले आफ्नै घर निर्माण गर्ने, जग्गा खरिद गर्ने र छोराछोरीलाई नेपालगञ्ज तथा काठमाडौंमा उच्च शिक्षामा अध्ययन गराउन सफल भएका छन् । उनको घरमा दैनिक के खाउँ भन्ने समस्या टरेको छ । ताजा तरकारी, फलफूल खानाले पोषणमा सुधार आएको छ । कृषि पेशामा व्यवसायिकता थपिएको छ । उनी भन्छन् मैले यो संस्थाले दलितलाई मात्र सहयोग गर्छकी भनेको हामी जस्ता गरिबलाई पनि सहयोग गर्दो रहेछ । संस्थाको प्रयासले मलाई अहिले जीवन चलाउन सजिलो भएको छ, यसका लागि संस्थालाई धन्यबाद दिन्छु, उनी भन्छन् । रामबहादुर बस्नेतको सफलताले सामूहिक रूपमा गरिने व्यवसायिक तरकारी खेतीले विपन्न समुदायको आर्थिक अवस्था सुधार गर्न सक्ने उदाहरणीय अभ्यास प्रस्तुत गरेको छ । कार्यक्रमले उनको जीवनमा दिगो आर्थिक परिवर्तन ल्याउनुका साथै समुदायका अन्य कृषकहरूलाई पनि व्यवसायिक खेतीतर्फ प्रेरित गरेको छ ।

# आरनको आधुनिकीकरणले उद्यमी बने धनबहादुर

सल्यानको बनगाड कुपिण्डे नगरपालिका ८ ज्यामिरेका धनबहादुर बि.क. परम्परागत कृषि औजार पेशा गर्ने विश्वकर्मा परिवारमा जन्मिएका हुन् । पुस्तौंदेखि चल्दै आएको आरनको काम पूँजी र सीपको अभावका कारण व्यवसायिक बन्न सकेको थिएन । जीविकोपार्जनको उपाय नहुँदा उनी पढ्लेख गर्ने उमेरमा नै कामको खोजीका लागि भारत जाने गर्दथे । उनी २४ वर्षका नवजवान यूवा हुन् । सीमित आम्दानीले परिवारको दैनिकी चलाउनै हम्मे हम्मे हुन्थ्यो । उनी नयाँ अवसरको खोजीमा थिए । जब दलित सेवा सङ्घले ज्यामिरे गाउँमा दलित एकता कृषक समूह गठन गर्यो, त्यसपछि उनको व्यवसायिक जीवनमा नयाँ अवसर सिर्जना भयो । विकास कोष नर्वेको आर्थिक सहयोगमा दलित सेवा सङ्घद्वारा सञ्चालित लाइसेक



चरण २ नामक परियोजना अन्तर्गत सङ्घले धनबहादुर सहित गाउँका किसानलाई व्यवसायिक सीपमूलक तालिम दियो, र व्यवसाय गर्न बीउँ पुँजीको समेत सहयोग गर्यो । जसका कारण धनबहादुरको आरन व्यवसाय त फस्टायो नै, उनी अहिले यही पेशाबाट पैसा चलाउन सकिन्छ भन्ने उदाहरण समेत बनेका छन् । परियोजनाले धनबहादुरलाई आरन व्यवसायलाई व्यवस्थित र व्यवसायिक रूपमा अघि बढाउन ९० हजार रूपैयाँ भन्दा बढी आर्थिक सहयोग गरेको थियो । उनले आधुनिक कृषि औजार निर्माणको तालिम पाए र सो बाट उनको खुकुरी निर्माण गर्ने सीप बढ्यो । उनले आधुनिक मेसिन तथा उपकरण पनि पाए । एक महिनाको खुकुरी निर्माण सम्बन्धी सीप स्तरोन्नति तालिमले उनको व्यवसायलाई नयाँ मोडमा लगिदिएको छ, उनले भने । आफूले बनाएका सामानको बजार कसरी खोज्ने भन्नेबारे समेत उनले सिकेका छन् । उनको परम्परागत आरन व्यवसाय अहिले आधुनिक बनेको छ । पहिले हथौडा र भट्टीमा सीमित रहेका उनी अब सान लगाउने र ग्राइन्डर मेसिन लगायत आधुनिक उपकरणको प्रयोगबाट काम गरिरहेका छन्, जसले उत्पादनको गुणस्तर र क्षमता दुवै बढेको छ । ग्राइन्डर मेसिन लगायतका मेसिन औजार र आरन घरमा पनि सुधार भएपछि उनलाई उत्पादन गर्न सजिलो भएको बताउँछन् । अहिले उनले खुकुरीका साथै, हँसिया, कुटो, कोदालो फरुवा, बसुला, बन्चरो जस्ता कृषि औजारका सामग्री उत्पादन र बिक्री वितरण गर्दै आएका छन् । राम्रो सामान बनाएपछि माग पनि बढेको छ । अब गुजारा चलाउनकै लागि समस्या छैन, उनी भन्छन्, मैले औसतमा मासिक २० हजार रूपैयाँ नियमित रूपमा कमाइरहेको छु । भारतमा गई मजदुरी गर्दा महिनामा १० हजार कमाउन गाह्रो हुन्थ्यो अहिले त घरमै परिवारसँग बसेर महिनामा २० हजार कमाउँछु । यो व्यवसायको अलि प्रचार हुँदैछ त्यसपछि छ अझ बढी कमाउँछु उनी थप्छन् ।

परम्परागत सीपलाई आधुनिकीकरण गर्दै धनबहादुर अब एक उद्यमी बनेका छन् । उनी भन्छन् ९संस्थाको आर्थिक सहयोग र तालिमले मेरो सीपलाई मूल्यवान बनाइदियो । सीप र सहयोग एकसाथ मिल्यो भने गाउँमै बसेर आत्मनिर्भर बन्न सकिन्छ भन्ने कुरा प्रमाणित भएको छ । यस प्रकारको सीप विकास र व्यवसायिक सहयोगले हामी जस्ता यूवालाई गाउँमै बसेर उद्यमी बन्न र रोजगारी सिर्जना गर्न सकेको छ । यसको लागि दलित सेवा सङ्घलाई अन्तर मन देखि धन्यवाद दिन चाहन्छु ।

## शारिरीक रूपमा फरक क्षेमता भएका

# हस्त बहादुर बने सफल उद्यमी

हस्तबहादुर नेपाली सल्यानको कालीमाटी गाउँपालिकाका बासिन्दा हुन् । उनको आठ जनाको परिवार छ । उनी शारीरिक रूपमा अशक्त र निरक्षर छन् । उनको परिवार गरिबीको चपेटामा थियो । उनका बुबा बालिघरे खलो प्रथाको रूपमा काम गर्थे र दैनिक जीवनयापन खर्च धान्न धेरै गाह्रो हुन्थ्यो । जसका कारण उनका बुवाले ऋणदाताहरूबाट चर्को ब्याजदरमा ऋण लिए तर ऋण तिर्न सकेनन् । आफ्नो पारिवारिक खर्च जुटाउन उनका बुबा सिन्धुपाल्चोक, रामेछाप, भक्तपुर र भारतमा पनि इँटाभट्टामा काम गर्थे । हस्तबहादुर सिलाई कटाई काममा दक्ष व्यक्ति हुन् तर पैसा र व्यवसायिक ज्ञानको अभावमा उनले यसलाई व्यवसायको रूपमा स्थापित गर्न सकेनन् ।

दलित सेवा सङ्घले विभेदमा पारिएका समुदायको जीविकोपार्जन सुधार नामक परियोजना कार्यान्वयन गर्दै आएको



छ । परियोजना मार्फत संस्थाले टाट्के गाउँमा कबुलियती तरकारी खेती कृषक समूह गठन गरेको छ तर हस्तबहादुर शारिरीक अपाङ्गता भएकाले उनी कृषक समूहमा संलग्न हुन सकेनन् । त्यसैले उनले दलित सेवा सङ्घलाई सिलाई व्यवसायमा सहयोग गर्न अनुरोध गरे । उनको माग अनुसार संस्थाले उनलाई सिलाई कटाई व्यवसायका लागि सहयोग गर्‍यो । उनलाई व्यवसाय सञ्चालनका लागि रु १३,००० प्रदान गरिएको थियो । त्यो आर्थिक सहयोगबाट उनले दुईवटा सिलाई मेसिन र केही अन्य सम्बन्धित सामग्रीहरू खरिद गरे । संस्थाले फेरी इन्टरलक मेसिन सहयोग गर्‍यो ।

संस्थाको सहयोग र उनको कडा परिश्रमले तीन महिना पछि, उनले दैनिक रु सात सय देखि एक हजार रूपैया कमाउन सफल भए । उनी अहिले प्रत्येक महिना लगभग रु ३०,००० कमाउँछन् । उनको आर्थिक अवस्थामा अहिले सुधार आएको छ । उनी अब आफ्नो ऋण तिर्न सक्षम भएका छन् । संस्थाले उनलाई व्यवसाय सफल बनाउन नियमित रूपमा प्रोत्साहन गरिरह्‍यो । पछि उनले आफ्नो आम्दानीको केही अंश बचत गर्न पनि थाले । अब उनी सहकारीमा वार्षिक रु ५०,००० बचत गर्छन् । पारिवारिक आम्दानीमा सुधार आएको कारण उनका छोराछोरीले गुणस्तरीय शिक्षा पाएका छन् । उनकी श्रीमतीले पनि उनलाई व्यवसायमा उनलाई सहयोग गर्छिन् । यसले उनको साथै उनी जस्ता अपांगता भएका मानिसहरूका लागि स्वरोजगारको अवसर सिर्जना गरेको छ । उनी आफ्नो गुणस्तरीय जीवनको पूर्ण श्रेय संस्था र परियोजनालाई दिन्छन् । उनी भन्छन्, संस्थाले यदि उनलाई आफ्नो व्यवसायमा प्रोत्साहन र सहयोग नगरेको भए, उनी आफ्नो र आफ्नो जीवनमा खुसियाली आउने थिएन । उनको यो सफलताले शारिरीक रूपमा अपांगता भएपनि अवसर, आँट र मेहनतले मानिस सफलतामा पुग्दो रहेछ भन्ने सन्देश दिएको छ । यो उनको जीविकोपार्जनको दिँगो स्रोत बनेको छ । परियोजनाले यस्ता अपांगता भएका यूवाहरूलाई सहयोग गरेमा उनीहरूको जीवनमा ठुलो सकारात्मक परिवर्तन आउँदो रहेछ भन्ने सिकाई भएको छ ।

# उमा सत्यालको आर्थिक सशक्तीकरणको सफल यात्रा



उमा सत्याल, दुई सन्तानकी आमा, सल्यान जिल्लाको कालिमाटी गाउँपालिका वडा नं. २, टाट्केमा बसोबास गर्छिन् । गरिब पारिवारिक पृष्ठभूमिकी उनले चिया र बिस्कुट बेचेर आफ्नो परिवार चलाउन कडा परिश्रम गरिन् । उनको न्यून आम्दानीले घरखर्च चलाउन मुस्किल परेको थियो र छोराछोरीको पठनपाठन खर्च धान्न अत्यन्तै कठिन थियो ।

DWO द्वारा सञ्चालित LISEC Phase २ परियोजना अन्तर्गत गठन गरिएको शारदा पशुपालन समूहमा आबद्ध भएपछि उमाको जीवनमा सकारात्मक परिवर्तन आयो । आफ्नो चिया पसल विस्तार गर्न समूहबाट ऋण लिइन् । थप पूँजी पाएपछि उनले पसलमा विभिन्न खाजा सामग्री थपिन् र खुला बजारमा बेच्न थालिन् । उनको लगनशीलता र निरन्तर प्रयासलाई देखेर DWO ले घुम्ती कोष अन्तर्गत उनलाई एक ठेला प्रदान गर्‍यो । उक्त ठेलाले उनको व्यवसाय विस्तारमा महत्त्वपूर्ण भूमिका खेल्यो । उनले फलफूल, चिया र नास्ता बेच्न सुरु गरिन् र उनको मासिक आम्दानी १०,००० देखि १५००० रूपैयाँसम्म पुग्यो । यस आम्दानीले उनले घरखर्च र छोराछोरीको पढाइ सहज रूपमा चलाउन सकिन् र समूहमा बचतलाई निरन्तरता दिइन् । आफ्नो सफलताबाट प्रेरित भई उनले अर्को साहसी कदम चाल्दै बजारमा व्यवस्थित "नास्ता पसल" सञ्चालन गरिन्, जहाँ उनले माछा तथा विभिन्न प्रकारका नास्ताका परिकार बेच्न थालिन् । उनको नास्ता पसल छिट्टै लोकप्रिय भयो र राम्रोसँग चल्न थाल्यो । तर पसल व्यस्त हुँदै जाँदा उनलाई आफैंले ठेला सञ्चालन गर्न कठिन हुन थाल्यो । उदार स्वभावकी उनले आफ्नो समुहकी अर्की अपाङ्ग महिला सदस्य राज कुमारी परियारलाई समुहको रोहवरमा निःशुल्क ठेला हस्तान्तरण गरिन् । अहिले राज कुमारीले सोही ठेलामार्फत फलफूल बेच्दै राम्रो आम्दानी गरिरहेकी छन्, जसले उनलाई आफ्नो र परिवारको जीविको चलाउन सहयोग पुगेको छ ।

उमा एउटा ठेलागाडाबाट सङ्घर्षरत चिया विक्रेता हाल सफल नास्ता पसल उद्यमी बन्ने भएकी छन् । उनले हाल मासिक कम्तीमा ३५००० रूपैया कमाउँछिन् । उमाको यात्रा स्रोतसाधनमा पहुँच, सामुदायिक सहयोग र दृढ संकल्पले जीवन कसरी रूपान्तरण गर्न सक्छ भन्ने सशक्त उदाहरण हो । आज उमा आफ्नो नास्ता पसल सफलतापूर्वक सञ्चालन गरिरहेकी छन्, समूहमा नियमित बचत गरिरहेकी छन् र आफ्नो परिवार मात्र नभई आफ्नो समुहकी अर्की सदस्यको जीवनस्तर उकास्न सकेकोमा गर्व महसुस गर्छिन् । उनको कथा कालिमाटीका अन्य व्यक्तिहरूलाई सामूहिक प्रयास, कडा मेहनत र धैर्यताले उज्ज्वल भविष्य निर्माण गर्न सकिन्छ भन्ने प्रेरणादायी उदाहरण बनेको छ ।